नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।
मिति: २०८०/०५/०८ गते।

## प्रेस विज्ञप्ति-४

### "ग्रीसमा नेपालीलाई अपहरण गरी फिरौती रकम लिने कार्यमा संलग्न व्यक्तिहरू पक्राउ"

मिति २०८०/०२/१२ गते जिल्ला मोरङ रंगेली नगरपालिका वडा नं. २ बस्ने यदुराज थापाको छोरी बर्ष २५ कि सबित्रा थापा, जिल्ला उदयपुर, त्रियुगा न.पा वडा नं. ३ बस्ने तिलक बहादुर कार्कीको छोरा कृष्ण कार्की र जिल्ला काभ्रेपलाञ्चोक नमोबुद्ध न.पा वडा नं. १ मथुरापाटी बस्ने बर्ष ३० को पोखनाथ सत्यालको छोरा राजन सत्याल एक साथ नेपालबाट सिजनल भिषामा बैदेशिक रोजगारको सिलसिलामा सर्बिया गएको । सर्बियामा चित्तबुझ्दो रोजगार तथा तलब सुविधा नपाएको कारण पुन: लुकी छिपी ग्रीस प्रवेश गर्ने क्रममा हिन्दी भाषा बोल्ने अपरिचित पाकिस्तानी भन्ने खुल्न आएका व्यक्ति तथा निजको सहयोगी समेतले अपहरण गरी, डोरीले बाधी शाररिक तथा मानसिक यातना र डर त्रास देखाई, ज्यान मार्ने धम्की दिई पिडितहरूको नेपालमा रहेका परिवारहरूसंग १५,००० युरो (पन्ध्र हजार) फिरौती माग गरेको भनि पिडितका आफन्तहरू यस ब्युरोमा आई लिखित निवेदन दिएको आधारमा अनुसन्धान गरिएको ।

ग्रिस तथा दुवईबाट whatsapp मार्फत पिडितका परिवारहरूलाई सम्पर्क गरी रू २१,७५,०००/- (एकाईस लाख पचहत्तर हजार) नेपालमा फिरौती रकम लिने र घटनामा संलग्न निम्न उल्लेखित व्यक्तिहरू मिति २०८०/०५/०२ गते का.जि.का.म.न.पा वडा नं. ८ गौरिघाट डेरा कोठाबाट फिरौती रकम समेत बरामद तथा पक्राउ गरी ग्रीसमा बन्धक बनाई राखेका पिडितहरू समेतलाई सकुशल उद्दार गर्न सफल भएको । पक्राउ भएका व्यक्तिहरूलाई अपहरण तथा शरिर बन्धक मुद्धामा म्याद लिई थप अनुसन्धान भईरहेको ।

**घटनामा संलग्न व्यक्तिको विवरण:**

१. नाम थर: **शिव राज कुँवर**
उमेर: ३२ बर्ष
ठेगाना: जिल्ला धनकुटा साविक लेगुवा गा.वि.स. वडा नं. ७
हाल परिवर्तित महालक्ष्मी न.पा. वडा नं. ५
पक्राउ मिति स्थान: २०८०/०५/०२ गते (गौरिघाट)
भुमिका: नेपालमा फिरौती रकम लिने



२. नाम थर: **रामेश्वर अर्याल**
ठेगाना : जिल्ला काठमाण्डौ तार्केश्वर-५ कुमालटार
बर्ष : ५६ बर्ष
पक्राउ मिति स्थान: २०८०/०५/०३ गते (तार्केश्वर)
भुमिका: नेपालमा फिरौती लिएको रकम शिवराज कुँवरसंग लिन सम्पर्क भएको व्यक्ति



३. नाम थर: **प्रकाश बेलबासे**



ठेगाना : जिल्ला कपिलबस्तु शिवराज नगरपालिका वडा नं. १

हाल बैदेशिक रोजगारको सिलसिलामा दुवई

बर्ष : ३२ बर्ष

पक्राउ मिति स्थान: २०८०/०५/०६ गते (त्रिभुवन अन्तराष्ट्रिय विमान स्थल)

भुमिका: दुवईबाट नेपालमा शिवराज कुँवरलाई फिरौती रकम लिन लगाउने तथा रामेश्वर अर्याललाई रकम दिनु भन्ने व्यक्ति

४. नाम थर: **दिल बहादुर थापा**



ठेगाना : जिल्ला पर्वत, फलेवास नगरपालिका वडा नं. १ शंखपोखरी

उमेर: ४२ बर्ष

पक्राउ मिति स्थान: २०८०/०५/०६ गते (त्रिभुवन अन्तराष्ट्रिय विमान स्थल)

भुमिका: दुवईमा प्रकाश बेलबासेलाई रकम नेपालको रामेश्वर अर्याललाई दिनु भनि सम्पर्क नम्बर दिने व्यक्ति

**<u>सम्पुर्ण आम नागरिकमा यस केन्द्रीय अनुसन्धान व्यूरोको अनुरोध</u>**

बैदेशिक रोजगारीको लागी बिदेश जादाँ नेपाल सरकारको श्रम स्वीकृती भएको देशहरूमा मात्र आवश्यक कानुनी प्रकिया पुरा गरी जानु हुन अनुरोध गर्दछौ। हालका दिनहरूमा यस्ता घटनाबाट धेरै नेपाली दाजुभाई दिदि वहिनीहरू पिडित भएको जानकारी गराउन चाहान्छौ। गैर कानुनी रूपमा बिदेश जाँदा हुन जाने यस्ता घटनाको अनुसन्धान तथा उद्दार गर्न जटिल रहेको समेत सुचित गराउन चाहान्छौं।

**प्रवक्ता तथा सूचना अधिकारी**
**(नवराज अधिकारी)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क: ९८५१२९१३११**